

# जापानमा वर्तमान समयमा पनि 1 दिनमा लगभग 28 जना व्यक्तिलाई क्षयरोग लागेको भनी निदान गरिन्छ ।

**खोकी तथा खकारको लक्षण**
**2 हप्ता वा सोभन्दा बढी चलिरहने,**
**मन्द ज्वरो आइरहेमा**
**र शरीरमा आलस्यता भइरहेमा**
**चाँडो भन्दा चाँडो**
**स्वास्थ्य संस्थामा जँचाउने गरौं**




- जापानमा नयाँ दर्ताका क्षयरोग बिरामीमा वृद्धवृद्धा धेरै छन् र लगभग 3/4 (74%) जति 60 वर्ष वा सोभन्दा माथिका
- विशेष गरी, विदेशमा जन्मेका युवा पुस्ताका बिरामीको दरमा वृद्धि हुँदै आएको छ र युवा पुस्ता (20-29 वर्ष) का नयाँ दर्ताका क्षयरोग बिरामीमा लगभग 3/4 (77.5%) छन्

MHLW Ministry of Health, Labour and Welfare of Japan

The Ministry of Health, Labor and Welfare's website about tuberculosis

# क्षयरोग सम्बन्धी 5 वटा प्रश्नोत्तर

## Q1 क्षयरोगका लक्षणहरू के-के हुन् ?

**A1** क्षयरोगका लक्षणहरू (लामो खोकी, खकार, मन्द ज्वरो, शारीरिक आलस्यता आदि) को कुनै विशेष लक्षणहरू हुँदैनन् र प्रारम्भिक चरणमा प्रायःअस्पष्ट हुने हुनाले खासगरि वृद्धवृद्धामा थाहै नपाई लक्षणहरू बढ्दै जान सक्ने हुन्छ । खोकी तथा खकारको लक्षण 2 हप्ता वा सोभन्दा बढी चलिरहने, मन्द ज्वरो र शारीरिक आलस्यता भइरहेमा चाँडो भन्दा चाँडो स्वास्थ्य संस्थामा जँचाउने गरौं ।

## Q2 क्षयरोग कसरी सर्छ ?

**A2** जब क्षयरोगको लक्षण बढ्दै आउँछ, खोक्दा वा हाछ्युँ गर्दा हावामा क्षयरोगको किटाणु छरपष्ट हुने हुन्छ । वरिपरिका व्यक्तिले स्वास लिँदा उक्त क्षयरोगको किटाणु शरीर भित्र पसेर अर्को व्यक्तिलाई सर्छ र यसरी क्षयरोग फैलिन्छ (हावाद्वारा हुने सङ्क्रमण) ।

## Q3 दैनिक जीवनमा ध्यान दिनुपर्ने कुरा के होला ?

**A3** नियमित स्वास्थ्य परीक्षण गराउनु महत्वपूर्ण हुन्छ । क्षयरोग लागे पनि चाँडै पत्ता लगाउन सकेमा रोग गम्भीर हुनबाट रोकथाम गर्न सकिने मात्र नभएर आफ्नो परिवार र साथीभाइलाई संक्रमण फैलिनबाट जोगाउन सकिन्छ ।

## Q4 जापानमा कस्ता व्यक्तिलाई क्षयरोगको निदान गरिन्छ ?

**A4** नयाँ दर्ताका क्षयरोग बिरामीमा वृद्धवृद्धा धेरै छन् र लगभग 3/4 भाग जति 60 वर्ष वा सोभन्दा माथिका रहेका छन् । साथै, विशेष गरी, विदेशमा जन्मेका युवा पुस्ताका बिरामीको दरमा वृद्धि हुँदै आएको र 20-29 वर्षका नयाँ दर्ताका बिरामीले लगभग 3/4 भाग जति ओगटेका छन् ।

## Q5 के उपचार गरेमा क्षयरोग निको हुन्छ ?

**A5** क्षयरोग सामान्यतया चिकित्सकको निर्देशन अनुसार औषधी (एन्टी ट्युबरकुलोसिस ड्रग्स आदि) खाएमा निको हुन्छ । सामान्य उपचार अवधि 6 देखि 9 महिना हो । तर यदि उपचारको क्रममा औषधी खान छोडेमा वा निर्देशन अनुसार औषधी नखाएको खण्डमा क्षयरोगको किटाणुले औषधी प्रति प्रतिरोधात्मक क्षमता (प्रतिरोध) को विकास गर्छ र फलस्वरूप औषधीको प्रभाव नहुने किटाणु (औषधी प्रतिरोधात्मक किटाणु) मा परिवर्तित हुन जाने खतरा रहेको हुन्छ । चिकित्सकको निर्देशनको पालना गरी उपचार सम्पन्न हुने अवधिसम्म इमानदारीका साथ औषधी निरन्तर खाइरहनुपर्छ भन्ने कुरा सबैभन्दा महत्वपूर्ण हुन्छ ।

MHLW
Ministry of Health, Labour and Welfare of Japan

The Ministry of Health, Labor and Welfare's website about tuberculosis